बागमती प्रदेश सरकार

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

शिक्षा विकास निर्देशनालय

हेटौंडा, नेपाल

अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणा अनुदान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने म्याद थप सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३।०६।१४ गते

यस निर्देशनालयको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बागमती प्रदेशभित्रका स्थानीय तहहरूलाई अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणा गर्न अनुदान वितरण गर्ने कार्यक्रम रहेकोले अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा अनुदान सम्बन्धी कार्यविधि, २०८३ को दफा (४) बमोजिमका शर्तहरु पूरा गरेका र हालसम्म यो कार्यक्रम लागू नगरेका स्थानीय तहहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र उल्लेखित कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी संलग्न गर्नुपर्ने कागजातहरू सहित यस निर्देशनालयमा प्रस्ताव पेश गर्न म्याद थप गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना सम्बन्धी विस्तृत विवरण र अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा अनुदान सम्बन्धी कार्यविधि, २०८३ यस निर्देशनालयको वेवसाईट edd.bagamati.gov.np मा उपलब्ध छ ।

<u>प्रस्तावका साथ पेश गर्नुपर्ने संलग्न कागजातहरुः</u>

- निवेदन
- सम्बन्धित गाउँ/नगर शिक्षा समितिले कार्यक्रमको प्रस्ताव पेश गर्ने व्यहोरा भएको निर्णयको प्रतिलिपि
- अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने सम्बन्धित स्थानीय तहको प्रतिबद्धता सहितको निर्णय/ पत्र
- १५-५९ उमेर समूहका निरक्षर नागरिकको विवरण
- सम्बन्धित स्थानीय तहको इमिस प्रतिवेदन
- लागत साझेदारी गर्न इच्छुक भए साझेदारी गर्ने रकम उल्लेख भएको स्थानीय तहको पत्र

२०८३/६/१४

का. मु. महानिर्देशक